नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(........................ शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति : २०७३/८/१९

## प्रेश विज्ञप्ति

आज मिति २०७३/८/१९ गते श्रीमान् मुख्य सचिवज्यूको अध्यक्ष्यतामा राष्ट्रिय योजना आयोगको सहकार्यमा प्रधानमन्त्रिपरिषद्को कार्यालयले आयोजना गरेको "High Level Policy Forum on the Sustainable Development Goals with Members of National Planning Commission and Secretaries of Government of Nepal" विषयक छलफल कार्यक्रम आयोजना भयो । उक्त छलफल कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरु, नेपाल सरकारका सचिवहरु, दिगो विकास तथा सहस्राव्दी विकास लक्ष्यका अभियन्ता एवं विश्व अर्थ क्षेत्रका ज्ञाता, वर्तमान संयुक्त राष्ट्रसंघका महासचिव वान कि. मुनका विषेश सल्लाहकार र Columbia University का प्रोफेसर Jeffery D Sachs, संयुक्त राष्ट्रसंघका सल्लाहकार, Senior UN advisor, Bestselling Author को सहभागिता थियो ।

नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूले उक्त कार्यक्रममा Prof. Dr. Sachs लाई स्वागत गर्दै Prof. Dr. Sachs सँगको छलफल कार्यक्रम नेपालले विभिन्न क्षेत्रमा अवलम्वन गरेका नीतिहरुको समिक्षा गर्दै तिनीहरुमा गर्नुपर्ने समसामयिक सुधारका लागि आवश्यक पृष्ठपोषण प्राप्त गर्नमा फलदायी हुने अपेक्षा गरेर यो अवसर जुटाईएको वताउनु भयो ।

छलफल कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. स्वर्णीम वाग्लेज्यूबाट दिगो विकास र नेपालको अवस्थाको बारेमा चर्चा गर्दै विदेसी पाहुनाहरुलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य एवं नेपाल सरकारका सचिवज्यूहरुबाट नेपालको विकास व्यवस्थापनका विविध पक्षहरुको बारेमा Pro. Jeffery लाई प्रश्नहरु राख्नुभएको थियो । प्राध्यापकबाट विश्व अनुभवलाई समेत ध्यान दिँदै दिर्घकालिन विकासको राष्ट्रिय लक्ष्य विना पूर्वाग्रह प्राथमिकताको आधारमा तयगरी कार्ययोजना सहित कार्यान्यवनमा सबै क्रियासिल भएमा अपेक्षित उद्देश्य हासिल गर्न मद्दत मिल्ने कुरा व्यक्त गर्नुभयो ।

नेपालको विकासलाई परिणाममुखी बनाउन सूचना प्रविधि, जलविधुत, पर्यटन, गुणात्मक शिक्षा र स्वास्थ्यको विकासलाई ध्यान दिन उहाँले आग्रह गर्नुभयो । यसका लागी नैतिक मुल्य र मान्यता सहितको राष्ट्रिय एकता सबैबाट प्रदर्शन गर्ने संस्कार, सस्कृतिको विकास गर्नुपर्ने कुरा औल्याउनुभयो । विकासको लागि पर्याप्त सम्भावना रहेको औल्याउँदै द्रुत आर्थिक विकास गरिरहेको विशाल राष्ट्रहरु चीन र भारतको बिचमा रहेको नेपालले आर्थिक विकासका बाधाहरु पन्छाउँदै दुई छिमेकी मुलुकहरुबाट आर्थिक लाभांस लिन सक्नुपर्ने कुरामा जोड दिनुभयो ।

अन्त्यमा श्रीमान मुख्यसचिवज्यूले आफ्नो समापन मन्तव्यमा सहस्राब्दी विकास लक्ष्यसँग दिगो विकास सम्वन्धित भएको र MDGको कार्यान्वयनको लागी विश्वमन्चमा नेपालले प्रतिबद्धता गरिसकेकोले स्वभाविक रुपले यसको कार्यान्वयन भएको कुरा दर्साउदै दिगो विकासको लागी अझै समर्पित भई परिणाममुखी काम गर्नुपर्ने आवश्यकता औल्याउनुभयो ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(.................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :.........................

यसका लागि केन्द्रीय मानसिकतालाई त्यागेर तल्लोतहबाट विकास गर्नका लागी विकासको प्राथमिकरण गरी श्रोत सहितको दिगो योजना निर्माण गर्न सम्बद्ध पक्षलाई अनुरोध गर्नुभयो ।

हालको शासकीय मान्यतालाई परिमार्जन गर्दै सामुदायिक शासन, श्रोत र साधनको स्थानीयकरण, Vertical Economic Growth तथा Centrally Deputed Bureaucracy को रुपान्तर गरी Locally Deputed Bureaucracy को संगठन संरचनामा उहाँले जोड दिनुभयो ।

अन्त्यमा Professor को सल्लाह र सुझावको लागि एवं उपस्थित सबैको सक्रिय सहभागिताको लागि धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन भएको थियो ।

२०७३ मंसिर १९

-----------------------------

दामोदर रेग्मी
सह-सचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np